# माछापुच्छ्रे गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावना : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) (१) ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाको कार्यपालिका बैठकले नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बनाई लागु गरेको छ ।

## परिच्छद— १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम " माछापुच्छ्रे गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

**२. परिभाषाः** विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(२) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्दछ।

(३) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(५) "नगर प्रहरी" भन्नाले माछापुच्छ्रे गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

((६) "भत्ता" भन्नाले माछापुच्छ्रे गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

७) "कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(८) "गाउँ सभा" भन्नाले माछापुच्छ्रे गाउँपालिको सभालाई सम्झनु पर्दछ ।

(९)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(११) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(१२) "नगर प्रहरी कर्मचारी" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त भएका नगर प्रहरी सहायक निरिक्षक, हवल्दार र जवान समेत लाई सम्झनु पर्दछ ।

(१३) "कार्यविधि" भन्नाले माछापुच्छ्रे गाउँपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३.नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कररमचारीहरूको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४. गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** १) नगर प्रहरी सेवामा देहायका पद र तह रहने छ।
(क) नगर प्रहरी सहायक निरिक्षक सहायक स्तर चौथों तह

(ख) प्रहरी हवल्दार सहायक स्तर तेश्रो तह

(ग) प्रहरी जवान सहायक स्तर दोश्रो तह (नगर प्रहरी सहयोगी)

२) गाउँपालिकाले प्रत्येक नगर प्रहरी पदको कार्य विवरण बनाउनेछ र त्यस्तो विवरणमा काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकार सम्बन्धी विवरण साथै सम्बन्धित पदले गर्नु पर्ने काम समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार दफा ५ बमोजिम हुनेछ ।

## परिच्छेद ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः**

क) गाउँपालिकाको निति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

ग) गाउँपालिकामा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वमा सुरक्षा व्यवस्थापन गर्ने ।

घ) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन ।

ङ) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यान्वयन ।

च) सार्वजनिक ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा ।

छ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध स्रोत साधनका साथ तत्काल परिचालित हुने ।

ज) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा खटिने ।

झ) अनाधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण ।

ञ) छाडा पशु चौपाया नियन्त्रण ।

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण, रोकथाम तथा नियन्त्रण ।

ठ) गाउँपालिकाको प्राकृतिक स्रोत साधन र सम्पदाहरुको चोरी निकासी नियन्त्रण गर्ने ।

ङ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

## परिच्छेद ४

## तह विभाजन र पदस्थापन

**६.पद सिर्जना तथा दरबन्दी खारेजीः** गाउँपालिकामा रहने नगर प्रहरीको बिभिन्न तहका दरबन्दीहरुमा रहने पदको सृजना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । दरबन्दी सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना वा खारेज गर्नु पर्नाको कारण, प्रस्तावित पदले गर्नुपर्ने वा गरिरहेको कामको विवरण, मौजुदा दरबन्दीको अवस्था, राजस्व परिचालनको अवस्था, आर्थिक क्षमता, भविष्यमा सो पदले गर्नु पर्ने कामको अपरिहार्यता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्न सक्ने प्रभाव स्पष्ट गरि कार्यपालिका समक्ष पेस गर्नु पर्ने छ । । नगर प्रहरीको पद स्थायी हुने छैन ।

**७.नगर प्रहरीको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताका माध्यमबाट पूर्ति गरिनेछ।

क) नगर प्रहरी सहायक निरिक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

**८.नियुक्ति गर्ने अधिकारीः** पदपूर्ति समितिको सिफारिसका आधारमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

**९.खुला प्रतियोगितामा भाग लिन सक्नेः** नगर प्रहरी सहायक निरिक्षकको पदको लागि हुने खुला प्रतियोगिताको योग्यता अनुसुची १ बमोजिम हुनेछ । नगर प्रहरी जवान र हवल्दार पदको लागि हुने खुला प्रतियोगिताको योग्यता अनुसुची २ बमोजिमको हुनेछ ।

**१० पदपूर्ति समितिः** नगर प्रहरीको पदपूर्तिका लागि कार्यालयमा देहाय अनुसारको पदपूर्ति समिति हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत- संयोजक

अध्यक्षले तोकेको नेपाल प्रहरी सेवामा कार्यरत वा सेवाबाट अवकाश प्राप्त अधिकृत कर्मचारी विषय विज्ञ-सदस्य

स्वास्थ्य शाखा प्रमुख- सदस्य

नगर प्रहरी प्रमुख- सदस्य

प्रशासन शाखा प्रमुख- सदस्य सचिव

**११ पदपूति समितिको काम कर्तव्य र अधिकारः** पदपूर्तिको कार्यतालिका बनाउने । पदपूर्तिको लागि सूचना प्रकाशन गर्ने । परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने । नियुक्तिका लागि सिफारिस गर्ने । पदपूर्ति

समितिले नगर प्रहरी सेवा समुहको लागि खुला प्रतियोगिताद्वार पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकतानुसार कार्यविधि बनाउने निर्णय गरि कार्यान्वयन गर्न सक्नेछ ।

**१२ योग्यताक्रमको सुचि प्रकाशन गर्नेः** उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रमको सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागी सिफारिस गर्नु पर्नेछ। कुल रिक्त पदको बिस प्रतिशतसम्म योग्यमताक्रमानुसार बैकल्पिक उम्मेदवारलाई सुचिमा राखी नियुक्तिको लागि सिफारिस पेश गर्नेछ । सिफारिस भएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्तिका लागि नियुक्ति दिने अधिकारी समक्ष पेश गर्नेछ । नियुक्तिको लागि सिफारिस भएको पैतिस दिन भित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरिसक्नु पर्नेछ । निर्णय भएको मितिले सात दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ । वैकल्पिक उम्मेदवारको सुचि नतिजा प्रकाशन भएको मितिले छ महिनापछि स्वतः निस्क्रिय हुनेछ त्यसपछि वैकल्पिक योग्यताको सुचिमा रहेको उम्मेदवारले नियुक्ति पाउन सक्ने छैन ।

**१३ जेष्ठताको गणनाः** नगर प्रहरी सहायक निरिक्षक र हवल्दारको ज्येष्ठता कायम गर्दा उनिहरुले आधारभुत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । बहालवाला नगर प्रहरीको पदमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यतालाई नै ज्येष्ठता मानिनेछ ।

## परिच्छेद ५ आचरणः

**१४ दान उपहार लिन नहुनेः** नगर प्रहरीले गाउँ कार्यपालिकाको पूर्व स्वीकृती वेगर कुनै पनि स्वदेशी तथा विदेशी व्यक्ति, संघ,संस्था वा निकायबाट कुनै प्रकारको दान, बकस, उपहार, कोशेली वा पुरस्कार स्विकार गर्नु हुदैन

**१५ चन्दा लिन नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृतीबिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्विकार गर्नु हुदैन र अन्य कुनै किसिमको सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

**१६ सम्पत्ति विवरण पेश गर्नु पर्नेः** नगर प्रहरी कर्मचारीले नियुक्त भएको मितिले तीन महिनाभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ। त्यसपछी प्रत्येक आर्थिक वर्ष व्यतित भएको ६० दिनभित्र सम्पति विवरण पेश गर्नु पर्नेछ ।

**१७ कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यावसाय गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृतीबिना कुनै कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यावसाय गर्नु हुदैन । अन्यत्र कुनै नोकरी स्विकार गर्नु हुदैन ।

**१८ गोपनियता कायम राख्नु पर्नेः** नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको सरकारी वा गैरसरकारी विषयको जानकारी गाउँपालिकाको पूर्व स्विकृती वेगर कुनै मिडिया, पत्रपत्रिका, छापाखाना वा अन्य कुनै अनाधिकृत व्यक्ति, संस्था वा प्रेसलाई दिनु हुदैन।

**१९ सरकारी काममा थाहा पाएका कुराहरु प्रकाशित गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले सरकारी कर्तव्य पालना गर्दा सरकारी वा गैरसरकारी साधनहरुबाट वा आफुले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिन हुदैन । यो प्रतिवन्ध जुनसुकै कारणले प्रहरी सेवाबाट अलग रहेको व्यक्तिको हकमा समेत लागु हुनेछ।

**२० समाचार वा लेख लेख्न नहुनेः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रशासन गर्न रेडियो, टेलिभिजन वा अन्य कुनै श्रव्यदृश्य माध्यमबाट प्रशारण गर्नुहुदैन । तर कलात्मक  साहित्यिक वा व्यावसायिक विषयको लेख रचना प्रकाशन वा प्रशारण गर्न पाइने छ । यसरी प्रकाशन तथा प्रशारण पश्चात कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

**२१ गाउँपालिको आलोचना गर्नु हुदैनः** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित हुने गरि वा नेपाल सरकार वा प्रदेश सरकारको नीतिको विपरित स्थानीय तह र जनताको पारस्परिक सम्बन्धमा खलल पर्न सक्ने गरी वा स्थानीय तह र नेपाल सरकार वा प्रदेश सरकारसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक नाम वा काल्पनिक नामबाट वा वेनामी लेख प्रकाशित गर्न प्रेसलाई कुनै खवर दिन रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन।

तर नेपाल, सरकार प्रदेश सरकार र स्थानीय सरकारको नीतिको विपरित नहुने गरि कानून बमोजिम लेख प्रकाशित गर्न वा प्रशारण गर्न पाइनेछ ।

**२२ निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारी कुनै पनि राजनितिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कुनै राजनितिक दल वा दलको उम्मेदवारका लागि मत माग्ने वा कुनै प्रकारले प्रभावित पार्न हुँदैन । निर्वाचनमा उम्मेदवार बन्नु हुदैन । तर कसलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरि प्रचलित कानून बमोजिम आफ्नो मताधिकारको प्रयोग गर्न बाधा पर्ने छैन ।

**२३ राजनितिमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै राजनितिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनितिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनितिक संस्थाको आन्दोलनमा सहयोग गर्न हुदैन ।

**२४ समय पालना र नियमितताः** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा आफ्नो पालोमा काममा हाजिर हुनु पर्दछ र बिदा स्वीकृत गराएर मात्र बिदामा बस्नु पर्दछ ।

**२५ अनुशासन र आज्ञापालनाः** नगर प्रहरी कर्मचारीले अनुशासनपूर्वक इमान्दारी र तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्दछ । आफ्नो काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई तत्परताका साथ पालना गर्नु पर्दछ। नगर प्रहरी कर्मचारीले chain of command मा रहेर कार्यसम्पादन गर्नु पर्दछ ।

**२६ बाहिरी प्रभावमा पर्न वा पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनका सिलसिलामा कुनै प्रकारको बाहिरी प्रभावमा पर्नु वा अन्य कुनै कर्मचारीलाई त्यस्तो प्रभावमा पार्ने प्रयत्न गर्नु हुँदैन ।

**२७ कानून विपरित हुने गरि विवाह गर्नु वा गराउनु हुंदैन** नगर प्रहरी कर्मचारीले कानून विपरित हुने गरि विवाह गर्नु वा गराउनु हुदैन ।

**२८ हातपात वा जोरजुलुम गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफु भन्दा माथिल्लो, वा आफु मातहतका कर्मचारी उपर आक्रमण हातपात वा जोरजुलुम गर्नु हुँदैन ।

**२९ लैङ्गिक संवेदनशिल रहनुपर्नेः** नगर प्रहरी कर्मचारी सदैव लैङ्गिक संवेदनशिल रहनु पर्नेछ ।

## परिच्छेद ६

## गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध ।

**३० गाउँपालिकाको प्रशासनको नियन्त्रणमा रहनेः** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाका कुरामा बाहेक नगर प्रहरी प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष नियन्त्रणमा रहनेछ ।

**३१ कारवाही गर्दा परामर्श लिनेः** नगर प्रहरी कर्मचारीलाई अनुशासन सम्बन्धी कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सकिनेछ ।

## परिच्छेद ७

## सजाय र पुनरावेदन

**३२ नगर प्रहरीलाई गरिने सजायः**

उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायका सजाय गर्न सकिनेछ ।

क सामान्य सजाय

ख विशेष सजाय

सामान्य सजायः

- शारिरिक थकान हुने सजाय गर्ने ।
- नसिहत दिने वा प्रतिकुल राय लेख्ने।
- तलव बृद्धि वा पदोन्नती रोक्का गर्ने ।
- तह घटूवा गर्न

शारिरीक थकान हुने सजाय गर्नेः देहायको अवस्थामा प्रहरी कर्मचारीलाई यातना नहुने गरी शारिरिक थकान वा श्रम गराउन सकिनेछ।

तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरवाही देखाई गैर जिम्मेवारपूर्ण व्यवहार देखाएमा ।

सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक वेवास्ता गरेको सम्बन्धमा आफुभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा ।

सेवाग्राहीलाई दुर्व्यवहार गरेमा ।

**नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले सरकारी कामको सिलसिलामा लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**तलव बृद्धि वा पदोन्नती रोक्नेः** नगर प्रहरीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले अवधि तोकी निजको तलव बृद्धि वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

**तह घटुवा गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पदमा ओराल्न सक्ने र माछापुच्छ्रे गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

क) सन्तोषजनक काम नगरेमा ख) अनुशासनहिन व्यवहार प्रदर्शन गरेमा ग) आचरण सम्बन्धी कुरा उल्लंघन गरेमा घ) आदेश निर्देशनको पालना नगरेमा वा कार्यान्वयन नगरेमा ङ) मनासिव कारण नभई विदा बसेकोमा वा गैर हाजिर भएमा च) सेवाग्राहीलाई दुर्व्यावहार गरेमा

**बिशेष सजायः**

क भविष्यमा स्थानीय तहको सेवाको लागि अयोग्य नहुने गरि नगर प्रहरी सेवाबाट हटाउने ।

आफ्नो पदीय जिम्मेवारी लापरवाही गरी पुरा नगरेमा । आचरण सम्बन्धी कुराहरु बरावर उलंघन गरेमा । ड्युटीको समयमा बरावर मादक पदार्थ सेवन गरेमा । बरावर अनुशासनहिन काम गरेमा । राजनीतिमा भाग लिएमा । बिदा स्विकृत नगराई लगातार २५ दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा । नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसुरमा दोषी ठहर भई कैद सजाय तोकिएमा ।

ख भविष्यमा स्थानीय तहको सेवाको लागि अयोग्य हुने गरि नगर प्रहरी सेवाबाट वर्खास्त गर्ने। नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा। भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

भ्रष्टाचारको अभियोगमा कसुरदार ठहरिएमा

**३४ सजाय सम्बन्धी कार्यविधिः** नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । प्रमुख प्रशाकीय अधिकृतले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसंग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुद प्रमाण दाखिला गर्नुपर्नेछ । कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी पुर्पक्षको अवधिभर स्वतः निलम्वन हुनेछ । सजाय गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाईको मौका दिनु पर्नेछ । अभियोगबाट सफाइ पाएमा नगर प्रहरी कर्मचारीले पुर्ववत सेवा सुविधा पाउनेछ । नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टिकरण माग गरिएकोमा निजले तोकीएको समयभित्र स्पष्टिकरण नदिएमा वा दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति सम्बन्धित नगर प्रहरी कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ । कुनै नगर प्रहरी कर्मचारीमाथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेल सम्म त्यस्तो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।यसरी निलम्वन गर्दा निलम्वन गर्नु पर्नाको आधार र कारण स्पष्ट खुलाउनु पर्नेछ ।

**सजायको पुनरावेदनः** प्रहरी कर्मचारीले आफुले पाएको सामान्य सजायको सम्बन्धमा सो सजाय पाएको मितिले ३५ दिन भित्र पुनरावलोकनका लागि कार्यपालिका समक्ष निवेदन गर्न सक्नेछ र सो सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद ८

## सेवा सुविधा

**३५ तलव भत्ताः** (क) नगर प्रहरी कर्मचारीले नियुक्त भई करार सम्झौता भएको मिति देखी कार्यपालिकाले तोके अनुसार करार सम्झौतामा उल्लेख भए बमोजिमको तलब पाउनेछ ।(ख) कार्यपालिकाले तोके अनुसार मासिक राशन भत्ता उपलब्ध गराइनेछ (ग) खाइपाइ आएको एक महिनाको तलव बराबरको चाडपर्व खर्च प्रत्येक बर्ष उपलब्ध गराइनेछ ।

**३६ तालिमको व्यवस्थाः** नगर प्रहरीलाई कार्यकुशल दक्ष तुल्याउन गाउँपालिकाले तोकीए बमोजिम आवश्यकतानुसार अग्नी नियन्त्रण आपतकालिन उद्धार कार्यालय सुरक्षा विशिष्ट व्यक्तिको सुरक्षा अतिथि सत्कार ट्राफिक व्यवस्थापन साथै अन्य तालिम दिन सकिनेछ ।

**३७ पोशाकः** नगर प्रहरी कर्मचारीलाई अनुसुचीमा तोकिए बमोजिमको पोशाक उपलब्ध गराईनेछ । प्रत्येक वर्ष एक सेट पोशाक उपलब्ध गराइनेछ तर नयाँ नियुक्ति हुँदाको बखतमा भने दुई सेट पोशाक उपलब्ध गराइनेछ । नगर प्रहरी कर्मचारीलाई उनीहरुको मालसामान र पोशाक निश्चित अवधी पुगी कामको सिलसिलामा फाटी गएमा सों को मुल्यांकन गरी अर्को पोशाक तथा सामाग्री उपलब्ध गराईनेछ ।

## परिच्छेद ९

## विविध

**३८ पाठ्यक्रमः** नगर प्रहरी खुला पदपूर्तिको पाठ्यक्रम अनुसुची ३ बमोजिम हुनेछ ।

**३९ संशोधनः** यस कार्यविधिमा माछापुच्छ्रे गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**४० बाधा अडकाउ फुकाउने सम्बन्धी ब्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा कार्य पालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

४१) **संस्थागत सेवा करारबाट सेवा लिन सकिनेः** आवश्यकतानुसार कार्यपालिकाले निर्णय गरि प्रचलित कानून बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

## अनुसुची १

### नगर प्रहरी सहायक निरिक्षक पदको लागि आवश्यक न्युनतम योग्यता

दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई २५ बर्ष उमेर ननाघेको वहालवाला प्रहरी कर्मचारीका हकमा पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा ४० बर्ष ननाघेको । नेपाल सरकारको सुरक्षा निकायबाट सेवानिवृत भईसकेकाको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

मान्यता प्राप्त विद्ध्यालयबाट कम्तीमा एस.एल.सी/ एस इ इ वा सो सरह उत्तिर्ण गरेको ।

नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

कुनै राजनीतिक दलको सदस्य नरहेको ।

मानव अधिकार र मानविय कानूनको उल्लंघनमा सजाय नपाएको ।

पुरुषको हकमा उचाई घटिमा ५ फिट २ इन्च छाती ३१ इन्च देखी ३३ इन्च सम्म तौल ५० के जि भएको ।

महिलाको हकमा उचाई घटिमा ५ फिट र तौल ४२ के जि भएको ।

आँखा माइनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

कुनै विध्वंसात्मक गतिविधिमा संलग्न नरहेको ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरा नोकरीबाट बर्खास्त नभएको ।

## अनुसुची २

नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानका लागि आवश्यक न्यूनतम योग्यताः दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म हवल्दारको हकमा १८ बर्ष उमेर पुगेको र २५ बर्ष ननाघेको साथै जवानको हकमा १८ बर्ष उमेर पुरा भई २४ बर्ष ननाघेको। नेपाल सरकारको सुरक्षा निकायबाट सेवानिवृत भईसकेकाको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

कुनै राजनीतिक दलको सदस्य नरहेको।

मानव अधिकार र मानविय कानूनको उल्लंघनमा सजाय नपाएको ।

पुरुषको हकमा उचाई घटिमा ५ फिट २ इन्च छाती ३१ इन्च देखी ३३ इन्च सम्म तौल ५० के जि भएको।

महिलाको हकमा उचाई घटिमा ५ फिट र तौल ४२ के जि भएको ।

आँखा माइनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको।

नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

कुनै विध्वंसात्मक गतिविधिमा संलग्न नरहेको ।

नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि नोकरीबाट बर्खास्त नभएको ।

**अनुसुची -३ खुला प्रतियोगितात्मक परिक्षाको पाठ्यक्रमः**

| पद | प्रथम र द्वीतिय चरण प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परिक्षण | तृतिय चरण लिखित परिक्षा | चतुर्थ चरण व्यक्तिगत अन्तरर्वार्ता | पुर्णाङ्क |
|---|---|---|---|---|
| नगर प्रहरी सहायक निरिक्षक | नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौको प्रहरी सहायक निरिक्षक पदको खुला प्रतियोगितात्मक परिक्षाको प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परिक्षण पाठ्यक्रम अनुसार १०० अंक | पाठ्यक्रम अनुसार १०० पूर्णांक वस्तुगत ५० प्रश्न २ अंकभारका | २० अंक | २२० |
| प्रहरी हवल्दार | नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौको प्रहरी जवान प्रतियोगितात्मक परिक्षाको प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परिक्षण पाठ्यक्रम अनुसार १०० अंक | पाठ्यक्रम अनुसार ५० पूर्णांक वस्तुगत २५ प्रश्न २ अंकभारका | २० अंक | १७० |
| प्रहरी जवान | नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौको प्रहरी जवान प्रतियोगितात्मक परिक्षाको प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरिक तन्दुरुस्ती परिक्षण पाठ्यक्रम अनुसार १०० अंक | पाठ्यक्रम अनुसार ५० पुर्णांक २५ वस्तुगत प्रश्न २ अंकभारका | २० अंक | १७० |

लिखित परिक्षाको पाठ्यक्रमः

क नगर प्रहरी सहायक निरिक्षकको लागिः

१. • नेपालको भगोलः अवस्थिती, हावापानी हिमश्रृङ्खला,नदिनाला,ताल तलैया र वनजंगल । विश्वको भुगोलः महादेश, महासागर ।

२. इतिहास, संस्कृति र सामाजिक अवस्था • नेपालको प्राचीनकाल तथा मध्यकालको राजनितिक,आर्थिक एवं सामाजिक सांस्कृति अवस्था । • आधुनिक नेपालको इतिहासः पृथ्वीनारायण शाह देखी हाल सम्मको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था । • नेपालका ऐतिहासिक युद्ध र सम्झौताहरु । • नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला ।

३. नेपालमा विकासका पूर्वाधारहरुः कृषि, उदधोग, पर्यटन, शिक्षा र स्वास्थ्य।

४. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसंख्या, शहरीकरण, बसोवास, प्रदषूण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी ।

५. कम्प्युटर, मोवाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेको प्रभाव ।

६ . राजनितिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य, सम्बन्धी समसामयिक घटना तथा नवीनतम गतिविधीहरु बारे सामान्य जानकारी ।

७. नेपालको संविधान (भाग १, २, ३, ४, ५ र अनसुचीहरु) बारे सामान्य जानकारी, स्थानीय सरकार संचालन ऐन, २०७४ बारे सामान्य जानकारी

ख प्रहरी हवल्दारका लागिः

नेपालको इतिहास सम्वन्धी सामान्य जानकारी ➢ ऐतिहासिक, धार्मिक तथा पर्यटकिय दृश्टिले नेपालका महत्वपुर्ण स्थलहरु ➢ नेपालको आधुनिक इतिहास । नेपालको भुगोल सम्बन्धी सामान्य जानकारी ➢ क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ➢ नदि तथा हावापानीका आधारमा नेपालको विभाजन ➢ नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ र झरनाहरु ➢ नेपालमा पाईने बन तथा वनस्पती । ➢ नेपालका संरक्षित जनावर तथा जडिवुटी ➢ नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र । नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जनजाति र जनसंख्या सम्बन्धी जानकारी । नेपालको संविधान (जारी मिति, भाग, धारा र अनसुची संख्या) स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा ११ गाउँपालिकाको अधिकार सम्बन्धी सामान्य जानकारी

ग प्रहरी जवानका लागिः

नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी ➢ ऐतिहासिक, धार्मिक तथा पर्यटकिय दृश्टिले नेपालका महत्वपुर्ण स्थलहरु ➢ नेपालको आधुनिक इतिहास । नेपालको भुगोल सम्बन्धी सामान्य जानकारी ➢ क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ➢ नदि तथा हावापानीका आधारमा नेपालको विभाजन ➢ नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ र झरनाहरु ➢ नेपालमा पाईने बन तथा वनस्पती । ➢ नेपालका संरक्षित जनावर तथा जडिवुटी ➢ नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र । नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जनजाति र जनसंख्या सम्बन्धी जानकारी । नेपालको संविधान (जारी मिति, भाग, धारा र अनसुची संख्या) स्थानीय सरकार संञ्चालन ऐन,२०७४ को दफा ११ गाउँपालिकाको अधिकार सम्बन्धी सामान्य जानकारी ।

## अनुसुची ४ नगर प्रहरीलाई दिने पोशाक र अन्य वस्तुहरु

| क सं | विवरण | थान | रङ |
|---|---|---|---|
| १ | कमिज | १ | कार्यपालिकाले तोकेको |
| २ | पाइन्ट | १ | कार्यपालिकाले तोकेको |
| ३ | स्वेटर | १ | कार्यपालिकाले तोकेको |
| ४ | कमर पेटि | १ | कार्यपालिकाले तोकेको |
| ५ | जुत्ता | १ जोर | कार्यपालिकाले तोकेको |
| ६ | टोपी | १ | कार्यपालिकाले तोकेको |
| ७ | डोरी सहितको सिट्ठी | १ | कार्यपालिकाले तोकेको |
| ८ | नगर प्रहरीको लोगो | १ | कार्यपालिकाले तोकेको डिजाइन र रंग अनुसारको |
| नोटःनगर प्रहरीलाई दिने अन्य बस्तुहरु र तिनको प्रयोग सम्बन्धी ब्यवस्था कार्यपालिकाले तोके अनुसार हुने छ। | | | |